**समूह- १ (रिट)**

# त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित रिट मुद्दाको विवरण

**निवेदक**: दैलेख जिल्ला, दुल्लु न.पा. घर भई जिल्ला शिक्षा कार्यालय, धनगढी कैलाली अन्तर्गत बढीगाउँ स्रोत केन्द्र, कैलालीमा कार्यरत कलमराज शर्मा.....................................................................................१

विरूद्ध

**विपक्षी** : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

## मुद्दाको संक्षिप्त तथ्य

**१. निवेदन व्यहोरा**: म निवेदक मिति २०६३।६।६ देखि माध्यमिक तहको शिक्षक पदमा नियुक्ति भई मिति २०६४।५।६ बाट श्री राष्ट्रिय नव जागृति उच्च मा.वि.चुहा कैलालीको स्थायी शिक्षक भई कार्यरत रहेको थिए। यसैक्रममा मिति २०६४।८।३ देखि जिल्ला शिक्षा कार्यालयको निर्णयानुसार कैलालीअन्तर्गत सुगरखालको बढीगाउँ स्रोत केन्द्रको स्रोत व्यक्तिको रूपमा नियुक्त भई हालसम्म सोही पदमा कार्यरत रही आएको छु। विपक्षी आयोगलाई अनुचित कार्यसम्बन्धी क्षेत्राधिकार नेपालको संविधानको धारा २३९ ले प्रदान गर्दैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(१) मा रहेको अनुचित कार्यसम्बन्धी आयोगको क्षेत्राधिकार संविधानसभाद्वारा निर्मित नेपालको संविधानले हटाएको छ । नेपालको संविधानको धारा २३९ प्रतिकूल रहेको ऐनको व्यवस्थाअन्तर्गत मउपर गरिएको कारबाही गैर संवैधानिक र गैरकानूनी भएको प्रस्ट छ । अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई कुनै निर्देशन दिने, स्पष्टीकरण सोध्ने लगायतको काम कारबाही गर्ने अधिकार नेपालको संविधाले प्रदान गर्दैन। नेपालको संविधानको धारा २३९ ले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेमा मात्र अनुसन्धान गर्न पाउने अधिकार अख्तियारलाई भएकोमा अधिकार नै नभएको विषयमा आफूले प्राप्त अधिकारभन्दा बढी अधिकार प्रयोग गरी (Excessive Use of Power) मेरो नेपालको संविधानको धारा १७ को उपधारा २(च) ले प्रदान गरेको स्वतन्त्रताको हक एवं पेसा रोजगार गर्न पाउने हकमा गम्भीर आघात पुग्न गएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई हुँदै नभएको अधिकार प्रयोग गरी मिति २०७५।१।१३ को मउपर विभागी कारबाही गर्न स्पष्टीकरण सोध्नेसम्बन्धी निर्णय, मिति २०७५।४।३० गतेको विपक्षी आयोगको मलाई विभागीय कारबाही गर्नेसम्बन्धी निर्णय सो निर्णयका आधारमा भएका काम कारबाही र पत्राचार तथा विपक्षी शिक्षा विभागबाट मिति २०७५।७।३ मा विपक्षी आयोगको निर्देशानुसार गरिएको निर्णय र सो निर्णयका आधारमा मिति २०७५।८।२३ मा जारी गरिएको कारबाहीसम्बन्धी पत्र र सो पत्रको आधारमा विपक्षी जिल्ला शिक्षा कार्यालयबाट मिति २०७५।९।२५ मा करार रद्द गरी मलाई लिएन पदमा फिर्ता पठाउने भन्ने पत्रलगायतका यस विषयसँग सम्बन्धित सम्पूर्ण निर्णय निर्देशन र पत्राचार गैरसंवैधानिक एवं गैरकानूनी भएको हुँदा नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी अन्य आवश्यक जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरिपाऊँ। साथै विपक्षीका उक्त काम कारबाही कार्यान्वयन भएमा निवेदकको मौलिक हकमा गम्भीर आघात हुन गई पेसा रोजगार गर्न पाउने संवैधानिक हकमा प्रत्यक्ष असर परी अपूरणीय क्षति पुग्न जाने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणसमेतलाई मध्यनजर गरी प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म विपक्षीका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम उक्त निर्णयहरू र ती निर्णयहरूका आधारमा भएका पत्रहरू कार्यान्वयन नगर्नु नगराउनु

म निवेदकलाई यथावत्रूपमा स्रोत व्यक्तिको हैसियतले काम गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने बेहोराको कमलराज शर्माको श्री सर्वोच्च अदालतमा दायर भएको रिट निवेदनपत्र ।

२. **कारण देखाउ आदेश:** यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेशको माग सम्बन्धमा विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अधिकार क्षेत्र बाहिर गइ कार्य गरेको देखिएकोले निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई स्रोत व्यक्तिको पदबाट हटाई पदाधिकार रहेको विद्यालयमा फिर्ता पठाउने गरी लेखिएको जिल्ला शिक्षा कार्यालय, धनगढीको मिति २०७५।९।२५ को पत्रलगायत विपक्षीहरूबाट भएका निर्णय एवं पत्राचारहरू हाल कार्यान्वयन नगर्नु, निवेदकलाई यथावत् रूपमा स्रोत व्यक्तिको हैसियतले काम गर्न दिनु दिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । यसको सूचना विपक्षीहरूलाई दिई अरू नियमानुसार गर्नु भन्ने बेहोराको मिति २०७५।११।१५ गते यस अदालतबाट भएको आदेश ।

३. **प्रत्यर्थी अख्तियार दुरुपयोग आयोगको लिखित जवाफ:** रिट निवेदकले आफ्नो निवेदन जिकिरमा उल्लेख गरेको जीवनदिप प्रा.वि. वलचौर कैलालीका प्रधान अध्यापकले नियमित रूपमा जिल्ला शिक्षा कार्यालयमा प्रस्तुत गर्नुपर्ने Flash Report मा भएको अनियमितता सम्बन्धमा आयोगमा परेको उजुरीउपर अनुसन्धान हुँदा स्रोत व्यक्तिको हैसियतबाट निज कलमराज शर्माको समेत उक्त वारदातमा संलग्नता देखिन आएको र निजले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको पुष्टि भएकोले निजसमेतका संलग्न कर्मचारीहरूउपर कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी विभागीय कारबाही सजाय गर्न गराउन शिक्षा विभाग, सानोठिमी, भक्तपुरमा लेखी पठाउने गरी आयोगबाट मिति २०७५।४।३० मा तत्काल प्रचलित कानूनबमोजिम भएको निर्णय र गरिएको पत्राचार कानूनअनुकूल नै रहेको अवस्था हुँदा रिट निवेदन खारेजयोग्य छ । रिट निवेदकले रिट निवेदन बेहोरामै जीवनदिप प्रा. वि., वलचौर कैलालीका प्रधान अध्यापकले नियमित रूपमा जिल्ला शिक्षा कार्यालयमा प्रस्तुत गर्नु पर्ने Flsh Report मा भएको अनियमितता सम्बन्धमा आयोगले निजलाई उक्त वारदातका सम्बन्धमा सफाइ पेस गर्ने सुनुवाइको मौका दिएको र सोहीबमोजिम निजले आयोगमा उपस्थित भई आयोगबाट भइरहेको कारबाही प्रक्रियालाई स्वीकार गरी मिति २०७५।२।२४ मा स्पष्टीकरणसमेत पेस गरी आयोगले गरेको वारदातको अनुसन्धान प्रक्रियामा सहभागी भइसकेपछि अनुसन्धान तहकिकातबाट स्वाभाविक रूपमा निर्क्यौल भएको परिणामलाई भने इन्कार गर्ने (causes and procedure accepted result ignored) नियतबाट दायर रिट निवेदन खारेजयोग्य छ । आयोगले प्रचलित कानूनबमोजिम गरेको निर्णय तथा काम कारबाहीमा चित्त नबुझेको हो भने पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग. बमोजिम विशेष अदालत, काठमाडौंमा पुनरावेदन गर्न सक्ने कानूनी उपचारको बाटो हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७५।१२।२ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट आयोगका सचिव पूर्णचन्द्र भट्टराईले यस अदालतमा पेस गरेको लिखित जवाफ ।

**४. जिल्ला शिक्षा कार्यालय कैलालीको लिखित जवाफः** विपक्षी रिट निवेदकले यस कार्यालयसमेतलाई विपक्षी बनाई तहाँ सम्मानित अदालतमा दायर गर्नुभएको रिट निवेदनका प्रकरणहरूमा उल्लिखित गरेका माग दाबीहरूमा अख्तियार दुरूपयोग, टंगाल अनुसन्धान महाशाखा नं. ५ को अनुसन्धान आयोग ५ अनु.४२ मिति २०७५।०५।७ को फैसला पत्रलाई आधार मानी फैसला बमोजिम कसुरअनुसार शिक्षा विभाग विद्यालय कर्मचारी तथा स्रोत केन्द्र व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुरको च.नं. १२ मिति २०७५।०८।२३ को विभागीय कारबाही सम्बन्धमा प्राप्त निर्देशनानुसार यस कार्यालयको च.नं. १४८७ मिति २०७५।०९।२५ को पत्रबाट निजको स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका, २०७१ को परिच्छेद ८क को १आ अनुसार करार सम्झौता रद्द गरिएको र विभागीय सजायका लागि निजलाई प्रथम पटक यस कार्यालयको च.नं. १५७१ मिति २०७५।१०।०२ को पत्रानुसार निजबाट स्पष्टीकरण माग गरिएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।११।१८ प्राप्त उत्प्रेषणसमेत आदेशानुसार यस कार्यलयको च.नं. ४०४५ मिति २०७५।११।८ को पत्रानुसार निजलाई यथास्थानमा कामकाज गर्ने भनी पत्राचार भएको अवस्थाअनुसार यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको फैसलानुसार उपल्लो निकायबाट प्राप्त निर्देशनहरूको पालना गर्नु पर्ने यस कार्यालयको दायित्व भएको र रिट निवेदकको सुरूदेखि हालसम्मको अनुसन्धान अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाटै भइरहेको हुँदा सो सम्बन्धमा यस कार्यालयलाई विपक्षी बनाई राख्न युक्तिसङ्गत नदेखिएकोले उक्त रिट निवेदन बदर गरिपाउँ भन्ने बेहोराको मिति २०७५।१२।१३ मा जिल्ला शिक्षा कार्यालय, कैलालीका जिल्ला शिक्षा अधिकारी मानसिंह विष्टबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।

**५. शिक्षा विभागको लिखित जावफः** रिट निवेदक जिल्ला शिक्षा कार्यालय, कैलालीका तत्कालीन स्रोत व्यक्ति कलमराज शर्माले जनदिप प्रा. वि., बलचौर, कैलालीमा १३९ जना विद्यार्थी रहेकोमा ३५७ विद्यार्थी देखाई सोबमोजिमको फ्लास रिपोर्ट पेस गरी नियमानुसार पाउने निकासा रकमभन्दा रू.६,८३,३०१।- बढी निकासा गराउने तथा विद्यार्थी संख्या बढी देखाई गलत रूपमा तयार गरेको तथ्याङ्क विवरणमाथि रूजु, चेकजाँच, स्थलगत अध्ययनलगायतका आवश्यक जाँचबुझका काम कारबाहीमा आफ्नो पदीय दायित्व पूरा नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको विश्वास गर्नुपर्ने मनासिब कारण अनुसन्धानबाट संकलित कागज प्रमाणबाट पुष्टि भएको देखिँदा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजलाई विभागीय कारबाही गरी सोको जानकारी यस आयोगमा दिनुहुन भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७५।०४।३० को निर्णय कार्यान्वयनका लागि यस विभागमा पत्र प्राप्त भएको । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त निर्देशन कार्यान्वयनका सन्दर्भमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका, २०७१ (दोस्रो संशोधनसहित) को परिच्छेद ८(क) को बुँदा नम्बर ८क.१आ अनुसार करार सम्झौता रद्द गरी लियन पदमा फिर्ता गर्न यस विभागको च.नं. १२ मिति २०७५।०८।२३ को पत्रबाट सम्बन्धित जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दिइएको । उल्लिखित सन्दर्भमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट नै निजको करार सम्झौता रद्द गरी लियन पदमा फिर्ता गरिएको हुँदा शिक्षा विभागबाट गरिएको यसप्रकारको कार्यबाट निजले दाबी गरेअनुसार निजको संवैधानिक तथा कानूनी हक अधिकार हनन् नभएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७५।१२।२२ मा नेपाल सरकार शिक्षा विभागको तर्फबाट ऐ. का निर्देशक नरहरि अर्यालबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत पेस भएको लिखित जवाफ ।

**६. दुवै पक्षबाट पेश भएको लिखित बहसनोट ।**

**७. सर्वोच्च अदालतबाट भएको आदेश ।**

**समूह- १ (फौजदारी)**

**त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित फौजदारी मुद्दाको विवरणः**

**हिरा बहादुर लामाको जाहेरीले नेपाल सरकार ................................................वादी**

**विरुद्ध**

**गोरखा जिल्ला अजिरकोट गा.पा.वडा नं. ३ बस्ने वीर बहादुर लामा.................१प्रतिवादी**

## मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मेरो बहिनी घइली भन्ने गीता लामालाई ज्वाइँ वीर बहादुर लामाले दिनहुँ गाली गलौज, कुटपिट, झैझगडा गर्दै आइरहेकोमा मिति २०७६।१२।११ गते राति निज बहिनीलाई ज्वाइँले बायाँ पट्टिको स्तनमा निलडाम हुने गरी कुटपिट गरी बेहोस बनाई झुण्डी मरेको जस्तो बनाउन घरमा कोही नभएको मौका पारी घाँटीमा नाम्लाको डोरीको पासो लगाई झुण्ड्याई कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको हीराबहादुर लामाको जाहेरी दरखास्त ।

२.जिल्ला गोरखा अजिरकोट गा.पा.वडा नं. ३ स्थित बीरबहादुर लामाको घर भञ्याङको बीच भागमा धुरीबलोमा नाम्लाको डोरीको घाँटीमा पासो लगाई झुण्डी मृत्यु भएको घैली भन्ने गीता लामाको लास, सो लासको बायाँ पट्टिको स्तन सुन्निएको अवस्थामा रहेको र दायाँ कुमको भागमा ठोकिएको जस्तो रातो डाम रहेको भन्नेसमेत बेहोराको घटनास्थल तथा लास जाँच मुचुल्का

३.बीरबहादुर लामा मेरो बुबा हुनुहुन्छ । निज बुबा रोजगारको सिलसिलामा पहिला २ वर्ष कतारमा बस्नुभएको र पछि १ वर्ष जति साउदी अरबमा बसी घरमा आउनु भएको १४ महिना जति भयो । बुबा घरमा आएपछि बुबा विदेशमा रहँदा कान्छो भाइ रमेश लामाको जन्म भएकोले सोही विषयलाई लिएर दिनहुँ आमालाई गाली गलौज गर्ने जोसँग बोल्यो त्यसैलाई लाञ्छना लगाउने गर्नुहुन्थ्यो । बुबाले जति गाली गलौज गरे पनि आमाले सहँदै आउनु भएको र सहनै नसकी २ पटकसम्म गाउँ समाजले समेत कागज गरी मिलाएको पनि थियो । यस्तोमा मिति २०७६।१२।११ गते साँझ खाना खाने समयमा आमाले आज पनि मलाई बुबाले गोठमा गाली गर्नुभएको थियो भनेकी थिइन् । साँझ खाना खाई म र मेरो साथी कौशिला गुरूङ घरसँग सटिएको अर्को कोठामा सुत्न गयौं । बुबा र आमा झैझगडा गर्दै थिए । राति बुबाले मलाई उठाउनु भएकोले म उठ्दा रातको २ बजेको थियो । बुबाले आमा झुण्डी मरिछन् भनेकोले गई हेर्दा घरको धुरीबलोमा नाम्लाले घाँटीमा पासो लगाई झुण्डी मृत्यु भएको अवस्थामा देखेको हुँ । आमाको कुममा निलडाम र स्तन सुनिएको थियो । मेरो आमा गीता लामा आफैं झुण्डी आत्महत्या गरेको नभई बुबाले कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको फूलकुमारी लामाको कागज ।

४. मृतक घैली भन्ने गीता लामाको मृत्यु Probable cause of death hanging को कारण भएको भन्नेसमेतको शव परीक्षण प्रतिवेदन ।

५. मृतक गीता लामा मेरो आमा हुनुहुन्छ र बीरबहादुर लामा बुबा हुनुहुन्छ । म निजको माहिली छोरी हुँ । बुबा रोजगारीको क्रममा २ पटकसम्म विदेश जानु भई हाल घरमा आई बस्नु भएको छ । बुबा घरमा आएदेखि कान्छो भाइलाई यो मेरो छोरा होइन भन्दै आमालाई गाली गलौज एवं कुटपिट गर्ने र आमा र कान्छो भाइलाई नमारेसम्म घरमा शान्ति हुँदैन भन्नु हुन्थ्यो । बुबाले गरेको व्यवहार सहनै नसकी गाउँ समाजले २ पटकसम्म कागज गरी मिलापत्रसमेत गराएका थिए । मिति २०७६।१२।११ गते दिउँसो सबै जना काममा गएका र मैले घरमा भाइ हेरी बसेकी थिएँ । साँझ सबै जना घरमा आए, मैले खाना बनाएपछि खाना खाइयो र म र दुई बहिनी गाउँमा सुत्न गयौं । घरमा सानो भाइ, आमा, बुबा, बहिनी र निजको साथी थिए । आमा बाहिर बस्नुभएको थियो । बुबाले आमालाई गाली गरी रहनु भएको थियो । सोही राति साहिँली बहिनी म सुतेको ठाउँमा आई बोलाएकीले म उठी घडी हेर्दा २.१५ बजेको रहेछ । बहिनीले आमा झुण्डिएर मरिछन् भनेकीले म घरमा आई हेर्दा आमा घरको माथिल्लो तलामा जाने भऱ्याङमाथि धुरीबलोमा नाम्लाको पासो घाँटीमा लगाई झुण्डी मरेको अवस्थामा देखेकी हुँ । आमाको शरीरमा निलडामहरू थिए । त्यसपछि बुबा बीरबहादुर लामाले आमा बुबाको झगडा भएको कुरा कोही कसैलाई नभन्नु भनेका थिए । विगतमा आमालाई बुबाले गरेको दुर्व्यवहार, झगडा, कुटपिटका कारण बुबाले आमालाई कुटपिट गरी अचेत बनाई पछि झुण्ड्याई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको धनमाया लामाको कागज ।

५. म रोजगारको लागि साउदी अरब गएको अवस्थामा ८ महिनामा कान्छो छोरा रमेश लामाको जन्म भएकोले मैले शंका मानी विदेशबाट आएपछि श्रीमती गीता लामालाई गाली गलौज कुटपिट गर्ने गरेको र रिसको आवेशमा नमारेसम्म शान्त हुँदैन भनेको हुँ । मिति २०७६।१२।११ गतेको साँझ श्रीमती र मेरो झगडा हुँदा मैले एक थप्पड गालामा हानेको र दुवै जनाको धकेला धकेल भएको हो । खाना खाएपछि म ढलानमा गई सुतेँ । तीन वटी छोरी गाउँमा सुत्न गएका हुन् । श्रीमती कान्छो छोरालाई लिएर भुइँतलामा सुतेकी थिइन् । राति २ बजेको समयमा पिसाब फेर्न बाहिर निस्कन खोज्दा भऱ्याङमाथि धुरीबलोमा नाम्लाको पासो घाँटीमा लगाई झुण्डी मरेको अवस्थामा श्रीमती गीता लामालाई देखेकोले मैले साहिली छोरीलाई उठाई सो कुरा बताएपछि छोरीले अन्य छोरीलाई र गाउँलेहरूलाई खबर गरेकी हुन् । मैले श्रीमती गीता लामालाई मारेको होइन, छोरीहरूले कुटपिट गरी अचेत बनाई कर्तव्य गरी मारेको भनी किन लेखाए र जाहेरीमा समेत मैले नै मारेको भनी किन किटानी जाहेरी दिए मलाई थाहा छैन । मैले श्रीमतीलाई कर्तव्य गरी मारेको होइन, छैन भन्नेसमेत बेहोराको बीरबहादुर लामाको बयान समेत संकलित हुन आएको मिसिल संलग्न कागजातहरू अध्ययन गरी विचार गर्दा प्रतिवादी विदेशमा रहेको अवस्थामा जन्मेको कान्छो छोराको विषयलाई लिएर बारम्बार मृतकसँग झैझगडा भइरहने, झगडाको समयमा मृतक र कान्छो छोरालाई नमारेसम्म घरमा शान्ति हुँदैन भनी प्रतिवादीले भन्ने गरेको । श्रीमतीको मृत्युपश्चात् छोरीहरू फूलकुमारी र धनमाया लामालाई बुबा आमाको झैझगडा कुटपिट भएको थियो भनी नभन्नु है भनेकोसमेत मिसिल संलग्न आधार प्रमाणहरूबाट देखिएको । आफ्नै श्रीमती गीता लामालाई अचेत अवस्थामा पुऱ्याई नाम्लोले घाँटीमा पासो लगाई घरको धुरीबलोमा झुण्ड्याई मारेको कुरा बुझिन र पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिताको दफा १७७ (१) को कसुर अपराधमा ऐ. दफा १७७ (२) बमोजिम सजाय हुन माग दाबी लिई मिसिल कागजात र प्रतिवादीलाई यसै अभियोग पत्रसाथ दाखिला गरेका छौं भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोगपत्र ।

७. मेरो घरको आर्थिक अवस्था कमजोर र घरमा बालबच्चा धेरै भएको हुँदा बालबच्चा पाल्नको लागि रोजगारीमा विदेश गएको थिएँ । विदेशमा कमाएको पैसा मैले जहान बच्चालाई घरमा पठाएको थिएँ । तर जति पठाएको भएपनि श्रीमती गीता लामाले पैसा पुगेन भनी रहन्थिन् । श्रीमतीले बियर रक्सी खाँदै हिँडेको, हाटबजार हिँड्ने गरेर पैसा स्वाहा गर्ने गरेको गाउँमा बुझ्दा थाहा भयो । घरको मुख्य मानिस यसो नगर, यसरी घर व्यवहार चल्दैन भनिरहन्थेँ । यस्तैमा २०७६ साल चैतको ११ गते बेलुकी म र मेरो श्रीमतीबीचमा झगडा ठाकठुक भएको, यस्तैमा खाना खाई सुतेकोमा रातको ३:०० बजे मलाई पिसाब लागि बाहिर निस्कँदा मेरो श्रीमती गीता लामा भऱ्याङमाथिको धुरीबलोमा झुण्डी आत्महत्या गरी मरेकी हुन् भन्नेसमेत बेहोराको प्रतिवादी बीर बहादुर लामाले सुरू गोरखा जिल्ला अदालतमा गरेको बयान ।

८. मेरो बहिनी गीता लामा झुण्डी मरेको होइन । यी प्रतिवादीले कुटपिट गरी, बेहोस अवस्थामा पारी झुण्ड्याएर मारेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको जाहेरवाला हीराबहादुर लामाले गरेको बकपत्र ।

९.मैले कुटपिट गरेको देखेको होइन । आफैं झुण्डिएको देखिएको पनि होइन । घाउहरू देख्दा कुटपिट गरी झुण्ड्याएको होकि भन्ने लाग्छ भनी प्रहरीमा कागज गर्ने प्रीया लामा । सामान्यतया उसको विगतको क्रियाकलापको कारणले गर्दा यी प्रतिवादीले नै मृतकलाई कुटपिट गरी झुण्ड्याई मारेकोमा शंका लाग्छ भनेको हो र पछि सत्य बुझ्दै जाँदा निज प्रतिवादीले नै झुण्ड्याएको भन्ने लाग्दैन भन्ने प्रहरीमा कागज गर्ने धनबहादुर लामा । मृतकको घाउमा निलो थियो, त्यसकारण प्रतिवादीले मारी झुण्ड्याएको हो भनेकी हुँ भनी प्रहरीमा कागज गर्ने गुठी समी लामा । मेरो ममी घइली भन्ने गीता लामालाई मारेर झुण्ड्याएको हो, मेरो ममीको ओठ र स्तनमा निलडाम भएको आधारमा बुबाले झुण्ड्याई मारेको भनेकी हुँ भनी प्रहरीमा कागज गर्ने धनमायाँ लामाले र मेरो बुबा वीरबहादुर लामाले मेरो ममीलाई झुण्ड्याएर मारेकोमा विश्वास लाग्छ भनी प्रहरीमा कागज गर्ने फूलकुमारी लामासमेतले गरेको छुट्टाछुट्टै बकपत्र ।

१०. भाइ वीरबहादुरको घरमा खलबल गरेको सुनी के भयो भनेर गई हेर्दा बुहारी झुण्डी रहेको अवस्थामा मैले देखेको हुँ । झुण्डियो वा मऱ्यो त्यो मलाई थाहा भएन भन्ने बेहोराको वादीका साक्षी पारसबहादुर लामाले अदालतमा गरेको बकपत्र ।

११. प्रतिवादीले आफ्नी श्रीमतीसँग झैझगडा कुटपिट गरी अचेत अवस्थामा पुऱ्याई नाम्लोले घाँटीमा पासो लगाई आफ्नै घरको धुरीबलोमा झुण्ड्याई मारेको पुष्टि हुन आई मुलुकी अपराध संहिताको दफा १७७ (१) को कसुर अपराध गरेको पुष्टि हुन आएकोले प्रतिवादी वीरबहादुर लामालाई सोही ऐनको दफा १७७ (२) बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ भन्नेसमेत बेहोराको गोरखा जिल्ला अदालतको मिति २०७७।१२।१६ को फैसला ।

१२. मिसिल संलग्न प्रमाण कागजहरूबाट मृतकलाई मैले झुण्ड्याएर मारेको हो भन्ने पुष्टि हुनसकेको छैन । ज्यानसम्बन्धी अपराधमा अपराध स्थापित हुनका लागि आपराधिक कार्य र आपराधिक मनसाय हुनुपर्नेमा सोको सर्वथा अभाव छ । यसरी मैले अभियोग दाबीबमोजिमको कसुर गरेको हो भन्ने नै पुष्टि हुन नसकेको अवस्थामा केवल अनुमानका भरमा मुलुकी अपराध संहिताको दफा १७७ (१) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएको भनी मलाई जन्मकैदको सजाय गर्ने गरी भएको गोरखा जिल्ला अदालतको फैसला निराधार र त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी मैले अभियोग दाबीबाट सफाइ पाउने गरी फैसला गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी वीरबहादुर लामाको पुनरावेदन जिकिर

## समूह- १ (देवानी)

# त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित देवानी मुद्दाको विवरणः

मुद्दा :- अंश चलन

कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं ८ वस्ने वर्ष ४९ को मेनुका भुसाल....................१<br>
ऐ ऐ बस्ने वर्ष २० की आकृती भुसाल ....................................................................................१<br>
ऐ ऐ बस्ने वर्ष १८ को आकाश भुसाल ....................................................................................१ वादी

विरुद्ध

कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं ८ वस्ने वर्ष ५२ को प्रकाश भुसाल..................१<br>
ऐ. ऐ. वस्ने वर्ष ४४ को आशा भुसाल (पाण्डे) ..................................................................१ प्रतिवादी

१. म फिरादी मेनुका भुसाल र विपक्षी पति प्रकाश भुसाल बीचमा मिति २०५५ साल वैसाख १२ गते विवाह भई हाम्रो वैवाहिक दाम्पत्य सम्वन्धबाट दुई सन्तानको जायजन्म भएको हो । जेठी छोरी आकृति भुसालको मिति २०५९ साल र छोरा आकाश भुसालको मिति २०६१ साल माघ १६ गते जायजन्म भएको हो । विपक्षी पति र म फिरादी विचको वैवाहिक सम्वन्ध राम्रै थियो पति पत्नी विच प्रेम सदभाव र एक अर्कोको संरक्षण गर्दे पारिवरिक र सामाजिक दायित्व निर्वाह गर्दे आएका थियो । विपक्षी पति कामको शिलशिलामा बुटवल नगरपालिकामा महिनाको ४ पटक जाने गर्नु हुन्थ्यो । बुटवलमा आउने जाने गर्दा विपक्षी पतिले मिति २०७४ सालमा आसा पाण्डे (भुसाल)लाई विवाह गरि घरमा ल्याउनु भयो । विपक्षी पतिले दोस्रो विवाह गरे पश्चात म र छोराछोरीलाई हेला गर्ने, वास्ता नगर्ने, खानलाउन नदिने , छोरा छोरीको शिक्षा दिक्षा र औषधि उपचारमा समेत कुनै खर्च नदिने जस्ता व्यवहार गर्दे आउनु भयो । हाम्रो आमा मेनुका भुसाले लुगा सिलाउने काम गरि हामीलाई हुकाउदै आउने भयो । हाल सम्म हामी एका सगोलमा वस्दै आएका छौ हामी विच हाल सम्म अंश बण्डा भएको छैन् । हामी हाम्रो परिवारमा जम्मा ५ जना अशियार रहेका छौ । हामी फिरादी ३ र विपक्षीहरु २ गरि जम्मा ५ भागको ३ भाग अंश हामी फिरादीहरुको नाउँमा अदालतबाटनै बण्ड छुट्याई दिलाई भराई चलन समेत चलाई पाउँ भन्ने मिति २०७७ साल वैसाख ५ गतेको फिराद दावी ।

२. विपक्षी फिरादीले फिरादको प्रकरण प्रकरणमा उल्लेख गरेको विषय झुट्ठा हो । विपक्षीहरुलाई लाउन खान र हेरविचार, शिक्षा दिक्षाको सम्पुर्ण दायित्व म वावु आफैले गर्दे आएको छु । मुलुकी देवानि सहिताको दफा २११ को दायित्व पुरा नगरेको व्यक्ति हकमा मात्र अंश दिनु पर्ने हो । म प्रतिवादीले पत्नी र छोराछोरीलाई गर्नुपर्ने सम्पुर्ण दायित्व र कर्तव्य पुरा गरेको हुनाले विपक्षीहरुलाई अंश दिनु पर्ने होइन । फिरादीले आफ्नो फिरादमा ५ जना मात्र अंशियारा भनेकोमा कान्छी श्रीमतीबाट जन्मिएकी छोरी आभा भुसाल समेत अविवाहित अवस्थामा हामीहरूसगै छन । निजको नाम समेत उल्लेख नगरी फिराद दिएको हुँदा उक्त फिराद ग्रहण योग्य नभएकोले र मुलुकी देवानि सहिताको दफा २११ को हक दावी लिएको झुट्ठा भएको हुनाले फिराद दावी खारेज गरि पाउँ भन्ने प्रतिवादीहरुको सयुक्त प्रतिउत्तर जिकिर ।

३. वादीका साक्षी पदम पौडेल र आसमाया पौडेलले फिरादीहरुलाई विपक्षी पति/वावुले लाउन खान दिएका छैन्, विपक्षीले दोस्रो विवाह गरे पछि फिरादी मेनुका भुसाले सन्तानको हेरविचार र शिक्षा दिक्षा दिदै आएका छिन्

। फिरादीहरुले विपक्षी पति/वावुसँग अंश पाउनु पर्छ भन्ने एकै मिलान गरि गरेको मिति २०७७ साल ज्येष्ट ५ गतेको साक्षी वकपत्र ।

४. मिति २०७७ जेष्ठ १६ गते सम्मानित जिल्ला अदालत कपिलवस्तुले वादी प्रतिवादी विच रहेको सम्पत्ति, बैक रकम, शेएर, ऋण समेतको तायदाती फाँटवारी पेश गर्नु भन्ने आदेश

५. तायदाती फाँटवारीमा उल्लेख भएको सम्पुर्ण सम्पत्ति वादी र प्रतिवादी विच बण्डा लाग्ने र वादीहरुले प्रतिवादीहरुबाट अंश पाउने ठहर्छ भन्ने कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७७ ज्येष्ठ २९ गते को फैसला ।

६. म प्रकाश भुसाले वकसपत्र बाट प्राप्त गरेको निजि आर्जनको कि.न २१८ को जग्गामा समेत बण्डा लाग्ने ठहराएको फैसाल त्रुटिपुर्ण भएकोले वदर गरि पाँउ भन्ने प्रतिवादीहरुको सयुक्त पुनरावेदन पत्र ।

७. अंशबण्डाको परिप्रेक्ष्यमा कि नं २१८ को जग्गा बण्डा हुने ठहर्याएको शुरु कपिलवस्तु जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिदा झिकाउनु भन्ने यस अदालतको आदेश ।

८. वादी प्रतिवादीहरु अशियार भएको, प्रतिवादी प्रकाश भुसालको दुइवटा श्रीमति रहेको वादीहरुले प्रतिवादी वा6 अंश पाउने कुरामा विवाद नभएको, वावुको सम्पत्तिमाछोरा छोरी र पत्नीको लागि पैत्रिक सम्पत्ति हुने हुनाले प्रकाश भुसालले वकसबाट पाएको सम्पत्ति बण्डा नलाग्ने भन्ने नमिल्ने अविवाहित अशियारको विवाह खर्च पर सानुपर्ने । छोरा आकश भुसल र छोरी आकृति भुसाल र आभा भुसाल विवाह खर्च पर नसारेको हुनाले हदसम्म शुरु फैसला उल्टी गरि अरु कुरामा शुरु अदालतले गरेको फैसला सदर गरी भएको मिति २०७८ भाद्र २५ गते गरेको उच्च अदालत तुल्सीपुर बुटवल इजलासको फैसला ।

९. उच्च अदालत तुल्सीपुर बुटवल इजलासबाट भएको फैसला चित्त वुझेन प्रकाश भुसालले बकसपत्र पाएको कि.नं. २६७ को क्षेत्रफल १-३-० जग्गा समेत बण्डा लाग्ने गरी गरेको फैसला कानुन प्रतिकूल छ । उक्त कि.नं. २१८ को जग्गा बकपत्रमा पाएको हो, पैत्रिक वा बण्डा लाग्ने सम्पत्ती होइन । मुलुकी देवानी सहिता २०७४ दफा २५६ कुनै अंशियारले कसैबाट निजी तवरले दान वा बकस पाएको सम्पत्ती सो पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउने बण्डा गर्न कर नलाग्ने कानूनी व्याख्या गरेको छ । कानुनमा यस्तो पृष्ठ व्याख्या हुँदा हुदै बाबुको सम्पत्ती छोरा पतनीलाई पैत्रिक हुने भन्दै निजि सम्पत्तीको गलत व्याख्या गरी प्रतिपादित नजिर सिद्धान्त समेतको विपरीत हुने गरी गरेको उच्च अदालतको फैसला नमिलेकोले उक्त फैसला बदरगरी पाउँ भनि प्रतिवादीहरूको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

१०. मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ बमोमिज वावु आमा छोरा छोरीको समान अंश लाग्ने भनि उल्लेख गरेको छ उच्च अदालत तुल्सीपुर बुटवल इजलासले आसा पाण्डे भुसालको छोरी आभा भुसालको वारेम अंशियारनै कायम नगरि गरेको फैसला नमिलेको हुदा उक्त फैसला केहि हदसम्म नमिलेको हुदा छलफलको निमित झिकाई नियम अनुसार पेशगर्नु भन्ने सर्वोच्च अदालतको आदेश ।

११. सर्वोच्च अदालतको फैसला ।